
# लेखापरीक्षण प्रतिवेदन

# सिद्ध कुमाख गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सिद्ध कुमाख गाउँपालिका, सल्यान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/666

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
सिद्ध कुमाख गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सल्यान।

**कैफियतसहितको राय।**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ८ लाख ९१ हजार र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु.९ लाख १२ हजारसमेत रु.५ करोड १८ लाख ३ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.६४ करोड १२ लाख ४ हजारको लेखापरीक्षण गरिएकोमा रू.१ करोड ४२ लाख ६१ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया पेश नभई बाँकी बेरुजुमध्ये असुल गर्नुपर्ने रू.५ लाख ५० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२४ लाख १ हजार, नियमित गर्नुपर्ने रु.४९ लाख ३६ हजार र पेश्की बेरुजु रु.६३ लाख ७४ हजार रहेको छ।। गत वर्षसम्म रु.११ करोड ८ लाख ९५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.५८ लाख ५६ हजार फस्र्योट भई हालसम्मको अद्यावधिक बेरुजु रु.११ करोड ९३ लाख रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सिद्धकुमाख गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सिद्ध कुमाख गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | २५ | १,४२,६१,२७३ | ० | ० | ० | ० | ६० | २५ | १,४२,६१,२७३ | ५,५०,२४१ | ४९,३५,७०८ | २४,०१,२१६ | ० | ० | ७३,३६,९२४ | ६३,७४,१०८ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सल्यान | ११,०८,९५,००० | ० | ५८,५६,००० | १०,५०,३९,००० | ० | १,४२,६१,२७३ | ११,९३,००,२७३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७५।७६ | २६ | पोशाक भत्ता असुल(खुमा सुनार) | १०००० |
| २ | २०७५।७६ | २७ | नेपाल रा.मा.वि. बढी तलव भुक्तानी | ३६६००० |
| ३ | २०७६।७७ | १२५ | पेश्की फस्यौंट | ५४८०००० |

# (८०६६०५०५३०० - सिद्ध कुमाख गाउँपालिका, सल्यान )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ८९.३६ वर्ग किलोमिटर तथा १३१२७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।९।७ देखि २०८१ ।९।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ६४१२०४११२.९६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३२६७६२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | निर्माण व्यवसायीलाई बढी भुक्तानी असुली | १९१५२ |
| २ | बैठक बढी भुक्तानी असुली | ५१००० |
| ३ | विद्यालय इन्टरनेट असुली | २४००० |
| ४ | दिवाखाजा असुली | २१८७५५ |
| ५ | लेपको क्रममा असुली | १३८५५ |
| जम्मा | | 326762 |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छन्।

वित्तिय प्रतिवेदन

. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ५,८९,५५,५९१.५२ | ० | ५,८९,५५,५९१.५२ | ६,०४,२१,०२६.१४ | ० | ६,०४,२१,०२६.१४ |
| १३००० | अनुदान | | १८,६३,७४,८५४.८० | २८,५९,६७५.७२ | १८,९२,३४,५३०.५२ | २१,१९,६८,९४४.९० | ७,४०,७३०.०० | २१,२७,०९,६७४.९० |
| १४००० | अन्य राजस्व | | १६,६२,३३१.८६ | ० | १६,६२,३३१.८६ | २०,७१,२०२.९८ | ० | २०,७१,२०२.९८ |
| १५००० | विविध प्राप्ति | | ० | ० | ० | ८१,०००.०० | ० | ८१,०००.०० |
| क | कुल जम्मा प्राप्ति | | २४,६९,९२,७७८.१८ | २८,५९,६७५.७२ | २४,९८,५२,४५३.९० | २७,४५,४२,१७४.०२ | ७,४०,७३०.०० | २७,५२,८२,९०४.०२ |
| ३ | चालु | | १९,५९,३४,०३१.६५ | २३,५९,६७५.७२ | १९,८२,९३,७०७.३७ | १८,६८,३४,८९०.८६ | ० | १८,६८,३४,८९०.८६ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४,१७,०२,८५२.९८ | ११,७९,१३४.७२ | ४,२८,८१,९८७.७० | ९,१५,३९,४८३.४८ | ० | ९,१५,३९,४८३.४८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,६०,४०,६६५.०३ | ११,८०,५४१.०० | ६,७२,२१,२०६.०३ | ७,३४,३९,५८५.२२ | ० | ७,३४,३९,५८५.२२ |
| २५००० | सहायता (Subsidy) | | ७,३७,३१,३३७.६४ | ० | ७,३७,३१,३३७.६४ | १,२९,९८,९४०.१६ | ० | १,२९,९८,९४०.१६ |
| २६००० | अनुदान | | ६४,८०,२४६.०० | ० | ६४,८०,२४६.०० | १६,९०,१६५.०० | ० | १६,९०,१६५.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६७,०९,२९०.०० | ० | ६७,०९,२९०.०० | ४८,०५,८८७.०० | ० | ४८,०५,८८७.०० |
| २८००० | अन्य खर्च | | १२,६९,६४०.०० | ० | १२,६९,६४०.०० | २३,६०,८३०.०० | ० | २३,६०,८३०.०० |
| ४ | पूंजीगत | | ७,२८,२८,८७१.०० | ५,००,०००.०० | ७,३३,२८,८७१.०० | १०,४७,५०,०२०.०० | ७,४०,७३०.०० | १०,५४,९०,७५०.०० |
| ३१११० | भवन तथा संरचना | | २,०८,८३,९७२.०० | ० | २,०८,८३,९७२.०० | २,२६,६६,०१८.०० | ० | २,२६,६६,०१८.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३५,१२,५६०.०० | ० | ३५,१२,५६०.०० | १,३३,२३,४३७.०० | ० | १,३३,२३,४३७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १९,९०,९०८.०० | ० | १९,९०,९०८.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | | ४,३५,९५,६२१.०० | ५,००,०००.०० | ४,४०,९५,६२१.०० | ५,७४,८९,५१०.०० | ७,४०,७३०.०० | ५,८२,३०,२४०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | २८,४५,८१०.०० | ० | २८,४५,८१०.०० | १,१२,७१,०५५.०० | ० | १,१२,७१,०५५.०० |
| ख) | कुल जम्मा भुक्तानी | | २६,८७,६२,९०२.६५ | २८,५९,६७५.७२ | २७,१६,२२,५७८.३७ | २९,१५,८४,९१०.८६ | ७,४०,७३०.०० | २९,२३,२५,६४०.८६ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (२,१७,७०,१२४.४७) | ० | (२,१७,७०,१२४.४७) | (१,७०,४२,७३६.८४) | | (१,७०,४२,७३६.८४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १७,२२,७९०.६८ | | १७,२२,७९०.६८ | १०,९४,६८३.९५ | | १०,९४,६८३.९५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -२,८३३.०० | | -२,८३३.०० | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (२,००,४७,३३३.७९) | ० | (२,००,४७,३३३.७९) | (१,५९,४८,०५२.८९) | | (१,५९,४८,०५२.८९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,६६,७१,८७७.९८<br>rs: -9200.0 | | ५,६६,७१,८७७.९८ | ७,२६,१९,९३०.८७ | | ७,२६,१९,९३०.८७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,६६,२४,५४४.१९ | ० | ३,६६,२४,५४४.१९ | ५,६६,७१,८७७.९८ | | ५,६६,७१,८७७.९ |

२.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५०८९१०३९, आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.९१२०००।, समेत रु.५१८०३०३९। सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१३५६५१७.७, यस वर्षको प्राप्ति रु.८६०६९००२.११,यस वर्षको भुक्तानी रु.८५७२९७७२.४८र बैङ्क मौज्दात रु.६४९८६१९.४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | **58028395.68** | **335921456.01** | **357352350.85** | **36597500.84** |
| एकीकृत आर्थिक विवरणअनुसार | 56671877.98 | 249852453.90 | 271622578.37 | 43096120.24 |
| फरक | 1356517.7 | 86069002.11 | 85729772.48 | -6498619.4 |

२.३ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५८०२८३९३।मौज्दात रहेकोमा यो वर्ष रु.५६६७१८७७। जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१३५६५१६ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ।

२.४ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ ।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | 27841788.55 | 25530303.56 | 2311485 |
| चालु खर्च खाता | -2833 | 5091 | -7924 |
| पुँजीगत खर्च खाता | 0 | 2109787 | -2109787 |
| विविध खर्च खाता | 2641143.63 | 2641143.63 | 0 |
| धरौटी | 4919116.96 | 491916.96 | 0 |
| प्रकोप व्यवस्थापन कोष | 1195454.70 | 1195454.70 | 0 |
| **जम्मा** | | | 193774 |

स्थानिय तह सञ्चित कोषखातामा स्रेस्ता भन्दा बैकमा रु.२३११४८४.९९ कम देखीएकोमा असार मसान्त भन्दा पछाडी चालु खर्च खाताको रु.५०९१, पुँजिगत खर्च खाताको रु.२१०९७८७, राजश्वबाँडफाँड खातबाट रु.१९६६०६.९९ गरी जम्मा रु.२३११४८४.९९ श्रावणमा दाखिला गरेकाले स्रेस्ता भन्दा बैकमा कम देखिएको हिसाव मिलान भएको छ।

२.५ कर दायित्व – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२८३३।देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्माण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८३३ |

## ३ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खर्च खाता, प्रकोप व्यवस्थापन कोष, स्थानिय धरौटी खाता जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.७०२३७२१।६१ सहित रु.१२७०२५२१.२९ आय र रु.३९४६८०९। खर्च गरी रु.८७५५७१२.२९ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरो पन आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

## ४ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.२६ करोड ८ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## ५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था

भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १२४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र स | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४७ | ८ | १६ | २३ |
| २. | वडास्तरीय | ५५ | ० | ० | ५५ |
| | जम्मा | १०२ | ८ | १६ | ७८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०२ योजनामात्र कार्यान्वयन भई ९६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४३२६४९८ | १३३६३६४ | ०.५१ |
| २ | पूर्वाधार विकास | ७९१६८४२३ | ५३९०५०१९ | २०.७६ |
| ३ | सामाजिक विकास | १५०५१९६५० | १२७१८३७१९.७२ | ४८.९९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३३६०००० | २४४३६४९ | ०.९४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०३८०२७५१ | ७४७२६८२६.६५ | २८.७९ |
| **जम्मा** | | | | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये आर्थीक विकासमा सबैभन्दा घटी ०.५१ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा कढी ४८.९९ प्रतिशत रहेको छ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक

पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु.हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | 73329 | 0 | 19975 | 9575 | 43779 | 21698 |
| प्रतिशत | | 0 | 27.24 | 13.06 | 59.70 | 29.58 |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.७ करोड ३३ लाख २९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा खर्च हुन सकेको पाइएन, दोस्रो त्रैमासिकमा रु.१ करोड ९९ लाख ७५ हजार (२७.२४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.९५ लाख ७५ हजार (१३.०६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.४ करोड ३७ लाख ७९ हजार (५९.७० प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.२ करोड १६ लाख ९८ हजार (२९.५८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १० खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२०८०४२३.३४ राजस्व बाँडफाँड र अनुदानबाट रु.२४७७८९५ समेत रु.२४९८६९९५८.९ आम्दानी भएकोमा चालु तर्फ रु.१९८२९३७०७.३७ र पूँजिगत तर्फ रु.७३३२८८७१। समेत रु.२७१६२२५७८.३६ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७६५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.४२९९०००। खर्च भएको छ जुन आन्तरिक आयको २०६.६४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८० प्रतिशत चालु र २९.५९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

## ११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।
- पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने सुपासमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० ( ३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

 प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन ।

 सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

 वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा व गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु। ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

 विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

 स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

 दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

 यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

## १२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, सहायक पाँचौ १४ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१३ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, कार्यालय सहयोगी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक ३७ पटमा करारमा नियुक्त गरी तलव भत्ता रु.९०८१९३०। भुक्तानी गरेको पाइए पनि माथि उल्लेखीत कर्मचारी बहायक अन्य पदमा नियुक्ती गरि रु.४१६९३०८.३४ भुक्तानी गरिनु नियम सम्वत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४१,६९,३०८.३४ |

१४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०७६।५।३-२०७८।७।४ सम्म सिद्ध कुमाख गाउँपालिका कार्यालय | ११ संख्या<br>५ संख्या | १२००००० <br>२१०००० | १०२९२.८८वर्ग मिटर खरिद<br>७-०-९-६ जग्गा खरिद |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | ३३ वटा | १३३४७७२७ | ३३ थान सवारी साधन मध्य २८ थान मोटरसाइकलको मुल्य उल्लेख नगरेको |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | ४ वटा | १०३६४१० | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | | १ | | मोटरसाइकल |

वेचल्तीमा रहेको मोटरसाइकल १ को मुल्य खुलेको पाइएन।

१५ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।जिन्सी निरिक्षण गर्न कर्मचारीलाई जिम्वेवारी दिइएको तर कर्मचारीले निरिक्षण प्रतिवेदन पेस नगरी जिन्सी निरिक्षण फारम पेस गरेको पाइयो। जसबाट जिन्सीको यथार्थ अवस्था नखुल्ने देखिन्छ। अतः जिम्मेवारीको पूर्ण पालना गर्नु पर्ने दखिन्छ।

जिन्सी निरीक्षण फारममा उल्लेख भएका सामानहरु टेलिभिजन १, पानी फिल्टर १८२, डेक्सटप कम्प्युटर १३, ल्यापटप ५, प्रिन्टर १३, ट्यावलेट २, यूपियस् ६, स्टल दराज १, टेवुल १ लगायतका सामान मर्मत गर्नु पर्ने तथा ल्यापटप २, फोटोकपी मेसीन ४, प्रोजेक्टर १ लगायतका सामान लिलाम गर्नु पर्ने उल्लेख भएकोमा लेखापरिक्षण अवधि सम्म प्रकृया अगाडी बढाएको पाइएन।

१६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ३ गरी कुल ४ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्योट भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१७ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ५ वटा नियमावली, ५२ कार्यविधि लगायत ९० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

१८ **आर्थिक सहायता**

पालिकाले आर्थिक सहायता सम्वन्धि कार्यविधि तयार गरेता गरि विभिन्न ६१ संघसंस्था र व्यक्तिहरुलाई रु.१०८३४२२।आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२०८१४२३.३४ को ५२.०५ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने गरेता पनि आन्तरिक आयलाई समेत ध्यानमा राखी वितरण गर्नु पर्दछ।

१९ **निःशुल्क उपचार सहायता**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस निकाय/पालिका/अस्पतालवाट ५ जनाको लागि रु.१५५०००।खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ।तर पालिकाले यस प्रकारको विवरण सार्वजनिकरण गर्ने गरेको पाइएन ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | क्यान्सर | ३ | १३०००० |
| २ | पक्षघात | १ | १५००० |
| ३ | डायलसिस | १ | १०००० |
| | **जम्मा** | ५ | १५५००० |

२० **आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

आन्तरिक मामिला तथा कानुन मन्त्रालय व.उ.शि.न बाट खर्च गरेकोमा भत्ता पाउनेको विस्तृत विवरण पेस गरेको पाइएन। विस्तृत विवरणको परिक्षण गर्न नसकिएबाट सामाजिक सुरक्षा भत्ता पाउने पनि दोहोरीएको संभावना हुन सक्ने साथै पिडितले दोस्रो विवाह समेत गरेको हुन सक्ने हुँदा भत्तापाउनेको विवरण स्रेस्तासाथ राख्ने तर्फ ध्यान दिनु पर्दछ। भौ.१-०८१।३।१७ बाट घाइते अपाङ्गता

जिवन निर्वाह भत्ता रु.५२८०००। र सहित स्मृति भत्ता रु.३८४०००।गरी रु.९१२०००। भुक्तानी भएको छ। सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० २(ञ) मा हकवाला भन्नाले शहिद वा वेपत्ता पारिएका व्यक्तीका पती वा पत्नी निज नभए निजका छोरा अविवाहित छोरी र निज पनि नभए निजका आमा बुबा सम्झनु पर्दछ भनी उल्लेख गरेको छ।

२१ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरु मध्ये ५ एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२२ **सेवाप्रवाहको स्थिति**

यस आर्थिक वर्षमा पन्जिकरण शाखाबाट उपलब्ध गराएको विवरण अनुसार पन्जिकर सेवा उपलब्ध गराएको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ३४० |
| मृत्युदर्ता | ८३ |
| बसाईसराई दर्ता | ३७ |
| विवाह दर्ता | १२७ |
| सम्बन्धविच्छेद दर्ता | ९ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

२३ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **१०२** | १०२ | ६ | ० | ० | ९ |

पालिकाले यस आ.व मा १०२ योजनाहरु कार्यान्वियन गर्न बजेटको व्यवस्था गरेकोमा ६ वटा योजना कार्यान्वियन हुन नसकेको र ९ योजनाले ७५ प्रतिशत सम्म प्रगति गरेको पाइयो। पालिकाले योजना छुट्याउँदा १०० प्रतिशत र सम्पुर्ण योजना कार्यान्वियन गर्ने सक्ने गरि गरिनु पर्दछ।

२४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२५ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.७३३२८८७१।पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२६ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **खर्चमा मितव्ययिता**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष अन्य सेवा शुल्कमा रु.११५६०९२४.६७।(करार कर्मचारीको तलब दरवन्दी बहायकका), विविध खर्च रु.१७६८९६०।, मसलन्द तथा कार्यालय सामान रु.३४९९१३८।, सवारी मर्मत सम्भार रु२९४८३६९।,पदाधिकारी वैठक रु.२००६५७९।, खर्च गरेको छ। यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानु पर्दछ।

२८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.६३७४१०८। बाँकी रहेको देखिएकाले फर्छयौट गर्नु पर्ने रु.6374108

| क्र सं | भौ मिति | योजनाको नाम | पेश्की लिने | पेश्की रकम |
|---|---|---|---|---|
| 1 | २०, १११, १२४ | विद्युत विस्तार | नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्र | 6374108 |
| | | | पेश्की | ६३,७४,१०८ |

२९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १७५२६६४२८.८८ | २०८१४२३.३४ | १.१८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ३० आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२००००००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२०८१४२३.३४ अर्थात अनुमान भन्दा १०४.०७ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## ३१ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | १५०००० | १३२८८३.८४ | **112.88** |
| भूमि मालपोत | ३५०००० | २९४७०७ | **84.23** |
| व्यवसाय कर | २००००० | १६४५५० | **82.28** |
| वहाल विरौटी शुल्क | ५०००० | ९९०० | 19.80 |
| बहालकर | ५०००० | ५२३४४.३० | **104.69** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ३२ उपभोक्ता समिति परिचालन

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ। सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ। पालिकाले यस वर्ष विभिन्न ७४ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.१ करोड ७४ लाख ८७ हजार खर्च गरेको छ। उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ।

## ३३ निर्माण लगत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ। पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन। पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना

अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन। यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन। पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ।

३४ **सार्वजनिक सूचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ। उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ। यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन। प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ।

३५ **गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्तिगरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भएनभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माणव्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुनेसामानको गुणस्तर परीक्षण गरेको पाइएन।

३६ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

३७ **उपभोक्ता समितिको योगदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२)अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिलेव्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्तासमितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमालागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्तासमितिको अंश वा योगदान तोकिदिने गरेको छ। यसबाट उपभोक्ता समितिहरुले व्यहोर्नेयोगदानमा एकरुपता देखिएको छैन। योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरीनिर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामाउल्लेख गर्नुपर्दछ।

३८ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले

निर्माण कार्य खरिद गरी भुक्तानी गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई देहायको आपूर्तिकर्ताहरुबाट सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

| गो.भौ.नं. | आपूर्तिकर्ता | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४१-२०८१।३।२४ | खैराबाङ माई कन्स्ट्रक्सन | वडा नं. ५ को सेफ्टिट्याङ्क निर्माण | ९९६३८१ |
| १३२-२०८१।३।२२ | मान कुमारी ग्रुपटेक प्रा.लि. | ल्यापटप खरिद | २९२२१८ |
| १२८-२०८१।३।२२ | जोसी इम्पेक्स प्रा.लि. | विद्यालयको लागि फर्निचर खरिद | ५९२०२० |
| ११६-२०८१।३।१७ | एच.डी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | फँलाटे टाकुरा खानेपानी ट्याक्क निर्माण | ५७८८३७ |
| ११०-२०८१।३।१२ | कैलाश निर्माण सेवा | वडा नं. २ कझ कार्यालय फिल्ड निर्माण | ९९४०३० |
| १०३-२०८१।३।१० | बस्नेत कन्स्ट्रक्सन | स्वास्थ्य चौकी रिटेनिङ वाल निर्माण | ६६८१०२ |
| ९६-२०८१।३।१० | सल्यान एस.के. निर्माण सेवा प्रा.लि. | गतेर्नाबाट फँलाटे हुँदै पिपल चौतारी जोड्ने पदमार्ग निर्माण | ७५९७२० |
| १७-२०८०।११।६ | बेज्जर फर्निचर प्यालेस | फर्निचर खरिद | ४८९५८६ |
| ७-२०८०।८।१५ | न्यू सिटी कम्प्यूटर एण्ड सप्लायर्स | ल्यापट तथा डेस्कटप कम्प्युटर खरिद | ६३११०५ |
| ६-२०८०।८।१५ | किशोर इलेक्ट्रोनिक्स | इलेक्ट्रोनिक्स सामान खरिद | ३७७००२ |

३९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न योजनामा डण्डीको नम्स अनुसार भुक्तानी गर्नु पर्नेमा वेष्टेज ५ प्रतिशत जोडी जोडी भुक्तानी दिदा बढी भुक्तानी हुन गएको रु.३८७९८६। असुल गरि बेरुजु दाखिला गर्नु पर्ने रु.

| क्र सं | योजनाको नाम | निर्माण व्यवसायी | भु.हुनु पर्ने परिमाण | भु भएको परिमाण वेश्टेज समेत | बढी भुक्तानी परिमाण | भुक्तानी दर | बढी भुक्तानी मु.अ.कर समेत |
|---|---|---|---|---|---|---|---|
| १ | माझखर्क सामुदायीक स्वास्थ्य इकाइ भवन निर्माण | रोशन निर्माण सेवा | 2783.51 | 2840.32 | 56.81 | 110 | 7061 |
| २ | वडा नं २ वडा कार्यालय भवन निर्माण | विशाल निर्माण सेवा | १८४०१.६८ | २०२५०.६६ | १८४०.९८ | ९० | १८७२२७ |
| 3 | वडा नं ४ वडा कार्यालय भवन निर्माण | प्रकृति निशान जे भि | 17314.68 | 19046.15 | 1731.46 | 99 | 193698 |
| | जम्मा | | | | | | 387986 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८७,९८६ |

४० **वडा नं. ३ कार्यालय भवन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। पालिकाले वडा नं. ३ कार्यालय भवन निर्माण गरी निर्माण व्यवसायी प्राकृतिक निशान जे.भि. लाई भुक्तानी गर्दा Band मा प्रयोग गरिएको Plain cement concrete M20 ७.३६ घनमिटर Brick masonry wall बाट घटाइ भुक्तानी दिनुपर्नेमा

दिएको छैन। पालिकाले Band को परिमाण नघटाई भुक्तानी दिएकोले प्रति घनमिटर रु.११,०००। दरले रु.८०,९६०। बढी भुक्तानी गरेको छ। उक्त रकम असुल उपर गर्नुपर्ने रु.८०९६०।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,९६० |

## ४१ उचाल्ने खार्वन सागिने मोटर बाटो

लागत अनुमान रु.१५३२००१६.८१ भएको बाटो निर्माण कार्य मिति २०८१।३।२० मा सम्पन्न गर्ने गरी रु.८१२४६७६।६१ मिति २०८०।८।१० मा वि.सि निर्माण सेवा सँग संझौता भएको थियो। योजनाको भौ.१७-०८१।३।२३ मा रु.३१२८७१९। भुक्तानी हुँदा असार मसान्त सम्म रु.५६४२३४०।भुक्तानू हुँदा योजनाको ६९.४४ प्रतिशत काम भएको छ। समयमा कार्य सम्पन्न नभएकाले मिति २०८१।९।२९ सम्म योजनाको अवधि थप गरिएको छ। यस योजनामा पालिको रु.२८२११७०। र पालिकाको रु.२८२११७० गरी रु.५६४२३४०। को बजेटको व्यवस्था गरी ठेक्का प्रकृया अगाडी बढाएको पाइयो।

यस ठेक्काबाट खर्च हुन नसकि बाँकी रहेको रकम बाट उचाल्ने-खार्वन सागिने सडक स्तर उन्नती भाग २ को पुन रु.३९४४६३३।.४९ लागतअनुमान तयार गरि ठेक्का प्रकृया मार्फत रु.१९७०१५७। मिति २०८१।३।१० मा सम्पन्न गर्ने गरि प्रगतिशिल निर्माण सेवा सँग मिति २०८१।१।९ मा संझौता भएको पाइयो। भौ.१५-०८१।३।२३ बाट प्रथम रनिङ्ग विल रु.१२९०९३५।(६५.५२%) खर्च भएको छ। योजनाको काम समयमा सम्पन्न नभएकाले योजनाको अवधि मिति २०८१।९।२९ सम्म थप गरेको पाइयो।समपुरक बजेटबाट संचालन गरिने योजना सोही वर्ष पुरा नभएको साथै प्रथम ठेक्काबाट बचेको रकमबाट पुन ठेक्का लगाएको पाइयो। दुवै ठेक्का समयमा सम्पन्न नहुँदा संघिय बजेट खर्च नहुने फिर्ता जाने र पालिकाको बजेट बाट आगामी दिनमा व्ययभार बढ्ने देखिएकाले ठेक्का लागेको वर्षनै योजना सम्पन्न गर्ने तर्फ पालकाले ध्यान दिनु पर्दछ।

## ४२ रितपूर्बकको कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.४०४७४४। समेत रु.३५१८१६३। सामान तथा निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | निर्माण काम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|---|
| 12-2081/9/26 | प्रकृतिक निसान जे.भी | वडा नै.४ को वडा कार्यालय भवन निर्माण | 3113418.68 | कर विजक ३ हातले लेखेको | 3518163 | 404744 |
| | **जम्मा** | | | | 3518163 | 404744 |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०४,७४४ |

## ४३ वडा नं. ४ कार्यालय भवन निर्माण

४३.१ मिति२०७८।२।२० मा संपन्न गर्ने गरी मिति २०७९।२।२२ मा प्राकृतिक निसान जे.भी सँग संझौता भएको थियो। निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेकाले मिति २०८०।३।२२ सम्म २ पटक सम्म अवधि थप गरेको पाइयो। निर्माण व्यवसायीलाई मिति २०७६।३।२५ मा रु.२५५००००।पेश्की दिएको पाइयो। भौ.१२-२०८०।९।२६ सम्म अन्तीम विलको रु.१२५६६५९६। भुक्तानी भएको पाइयो।अन्तिम विलको भुक्तानी रम्म रु.१००००००। पेश्की फर्छयौटगरी कार्य सम्पन्न हुँदा र अन्तिम विलको भुक्तानी सम्म पेश्की रु.१५५००००। बाँकी रहेकाले प्रतवर्ष १० प्रतिशतले हुने व्याज रकम रु.१५५०००। का दरले आ.ब २०८०।८१ सम्म हुने रु.७७५०००।समेत असुल गरी पेश्की फर्छयौट गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,७५,००० |

४३.२ यस योजनामासेनेटरी आइटम र इलेक्ट्रीकल आइटममा रु.६०००००। र रु.६०००००। राखी भुक्तानी गरेको पाइयो। यस प्रकारको कामको विस्तृत लागत अनुमान बनाउनु पर्ने तथा वि ओ क्यूमा विस्तृत रुपमा राखी कार्य गर्नु पर्नेमा सो कामो एल एसमा राखी भुक्तानी गरेको पाइयो। एल एसमा रकम राखी भुक्तानी गर्दा कुन किसिमको कति सामान प्रयोग भयो यकिन गर्न सकिएन । अतःविस्तृत लागत अनुमान बनाउने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

### ४४ शारदा लिफ्ट खानेपानी योजना

४४.१ पालिकाले भूमि निर्माण-रिभिट निर्माण जे.भि.सँग मिति २०७९।३।३ गते रु.२ करोड ५७ लाख ६३ हजार ४३४ मा दुई वर्षमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोका यस आर्थिक वर्षसम्ममा मूल्यसमायोजन समेत रु.२ करोड ४७ लाख ११ हजार ८६९ भुक्तानी दिएकोमा ९२.७ प्रतिशत वित्तीय प्रगती देखिएको छ। तोकिएको समयमा कार्य सम्पन्न नभएकोले पालिकाले २०८१।९।३० सम्म म्याद थप गरेको छ। थपिएको समयमा कार्य सम्पन्न गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४४.२ पालिकाले शारदा लिफ्ट खानेपानी निर्माण कार्यको सम्झौता अनुसार मूल्य समायोजन दिन सक्ने उल्लेख गरेकमा मूल्य समायोजनको weighting coefficient range १ हुनुपर्नेमा पालिकाले Weighting co-efficient range को जोडजम्मा ३.१५ भएको र निर्माण व्यवसायीले पेश गरेको co-efficient range को जम्मा ०.६० मात्र गरेको छ। तर पालिकाले श्रममा ०.३५, सामाग्रीमा ०.३५ र मेशिन औजार ०.१५ adjustment co-efficient राखी गणना गरी रु.१०१४५०५।० निर्माण व्यवसायी भूमि निर्माण-रिभिट निर्माण जे.भि.लाई भुक्तानी दिएको छ । यसरी पालिकाले price adjustment coefficient प्रस्ताव, सम्झौता र गणनामा फरक पारी भुक्तानी दिएको सम्बन्धमा भुक्तानी दिन मिल्ने आधार प्रमाण पेस गर्नुपर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,१४,५०५ |

### ४५ वीमा

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ।पालिकाबाट संचालित दह राम्री सडक निर्माण योजना रु. १४८१०४१।१६ मिति २०८१।३।२० मा सम्पन्न गर्ने गरी अम्वर एण्ड गिरी निर्माण सेवा सँग मिति २०८०।१२।२ मा संझौता भएको थियो। निर्माण व्यवसायीले निर्माण कार्यको अवधि ३ महिना १८ दिनको विमा गर्नु पर्नेमा मिति २०८१।२।२९ देखी २०८१।३।२० सम्म २३ दिनको मात्र विमा गराएको पाइएकाले कम अवधिको विमा गराएको पाइयो।

### ४६ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

### ४७ प्यान दर्ता नभएको सँग कारोबार

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्यअभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धितआन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायको निर्माण व्यवसायीलाई भुक्तानी दिएको रु.१८४८३४। मूल्यअभिवृद्धि कर भूमि निर्माण/रिभित निर्माण जे भिले प्यानमा दर्तातै नभउको प्यान नं.६०८२५६६६२ बाट कर विजक जारी गरी मु.अ.कर दाखिला गरेको पाइएकाले भुक्तानी भएको मु.अ.कर को ७०% रु.१२९३८४। असुल गरी बेरुजु दाखिला गर्नु पर्ने **रु.**

| गोश्वारा भौचर | निर्माण व्यवसायी | पान नं. | विजक नं | मूल्य अभिवृद्धि कर बाहेक भुक्तानी | मूल्य अभिवृद्धि कर | नन्फाइलर मिति |
|---|---|---|---|---|---|---|
| ४-२०८०।७।२२ | भुमी निर्माण/रिभित निर्माण जेभि | ६१८२५६६६२ | १-२०८०।७।२० | ४६१६९९७.१२ | ६००२०८.११ | 2080/T/3 |
| १३८-२०८१।३।२३ | भुमी निर्माण/रिभित निर्माण जेभि | ६०८२५६६६२ | ४-२०८१।३।२३ | १४२१८०२ | 129384 | PAN नं नमिलेको रु.१८४८३४ को ३०% रु.५५४५० दाखिला गरेकाल ७०% रु.१२९३८४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२९,३८४ |

४८ **डिपिआर निर्माण तथा परामर्श खरिद**

४८.१ सार्वजनिक खरिद ऐन, २०६३ माबजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदनलगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र वढि दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लगत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले परामर्श सेवा खरिद गरी रु.२६ लाख ८६ हजार खर्च लेखेको छ। उपलव्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा बजेटकै हाराहारीमा भुक्तानी दिने सम्झौता गरी खर्च गरेको छ। अध्ययन प्रतिवेदन तयार भएका योजनाहरु कार्यान्वयनमा जाने सुनिश्चितता भएकोसमेत देखिएन।

| योजनाको नाम | परामर्शदाता | लागत अनुमान | संझौता रकम | भुक्तानी रकम | आयोजनाको लागत अनुमान |
|---|---|---|---|---|---|
| ढोरचौर फलाटे सडक | आवास इन्जिनियरिङ कन्सल्टेन्सी | १०८११३४ | ९९४४०० | ९९४४०० | २६,२८,९२,०९९ |
| आवधिक योजना (२०८०।८१-२०८५।८६) | सेस्मिक रेजिलियन्ट स्ट्रक्चर सोलुसन | ११९९०४१ | ११९२७१५ | ११९२७१५ | |
| राजस्व सम्भाव्यता अध्ययन तथा कार्ययोजना | गोल्डफिस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि | ४९९९९९ | ४९९००८ | ४९९००८ | |
| जम्मा | | २७८०१७४ | २६८६१२३ | २६८६१२३ | |

४८.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ४ अनुरुप अनुसुचि १(क) को ढाँचामा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। परामर्श सेवाको लागत अनुमान ढाँचाको शिर्षक २ मा भ्रमणा, बसोबास, मालसामान उपकरण सेवा लगायतका सोध भर्ना हुने खर्च उल्लेख गरेको छ। पालिकाले ढोर चौर फलाटे डिपिआर तयार गरी आवास इन्जिनियरीङ्ग कन्सल्टेन्सीलाई भुक्तानी गर्दा सोधभर्ना हुने रकमको विल भरपाई पेस नगरी भुक्तानी दिएकोले विल भरपाई पेस गर्ने अन्यथा असुल उपर गर्नेपर्ने रु.१५७२६।०

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७२६ |

४९ **आवधिक योजना निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सेस्मिक रेजिलियन्ट स्ट्रक्चर सोलुसनलाई पालिकाको आवधिक योजना निर्माणगरे वापत रु.११ लाख ९३ हजार भुक्तानी दिएको छ। गाउँ कार्यपालिकाको मिति २०८१।१।११ को निर्णयले २०८०।८१-२०८५।८६ लागू गरेको छ । पालिकाले "उद्योग, व्यापार, स्वास्थ्य, शिक्षा, कृषि, र रोजगारी अभिवृद्धि सिद्धकुमाख गाउँपालिकाको विकास र सुशासनसहितको समृद्धि" दीर्घकालीन सोच तयार गरी प्रथम आवधिक योजना(२०८०।८१-२०८५।८६) तर्जुमा गरेको छ। पालिकाले औद्योगिक विकास तथा व्यवसाय, स्वास्थ्य तथा सरसफाई, शिक्षा, कृषि तथा पशुपन्छी, भौतिक पूर्वाधार, पर्यटन विकास लगायत समावेश गरेको छ । उक्त योजना कार्यान्वियनका लागि सूचक निर्माण गरेको छैन भने लक्षित कार्यक्रम कार्यान्वियन गर्न बजेट व्यवस्था गरेको देखिएन। दीर्घकालीन नीतिका सूचक निर्धारण गरी वार्षिक बजेट तथा कार्यक्रममार्फत आवद्ध गर्नुपर्दछ।

५० **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर विभिन्न सफ्टवेयरहरुमा गत वर्षसम्म रु.५ लाख भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन।उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन।उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।सफ्टवेयर खरिदको अवस्था

| क्र सं | कार्यक्रमको नाम | खरिद आ व | खरिद संस्था | खरिद खर्च | हाल सम्मको मर्मत |
|---|---|---|---|---|---|
| १ | दर्ता चलानी सफ्टवेयर | २०७७।०७८ | | ३ लाख | |
| २ | योजना (PMIS) | २०७५।०७६ | मालिका इन्फोसिस एण्ड सर्भिसेस प्रा. लि | ३ लाख | |

५१ **भ्रमण खर्चः**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु २० लाख ४० हजार खर्च गरेको छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको।

• भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन।

• सात दिनभन्दा बढी अवधिको भ्रमणमा स्पष्ट कारण नखुलाई र म्याद थपसमेत नगरी भुक्तानी गर्ने गरेको।

• स्पष्ट प्रयोजन बेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्द ।

५२ **विदेश भ्रमण** (५०१-२०८१-३-२३):

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १२ मा पदाधिकारी तथा सदस्यहरुले स्थानीय तहसँग सम्बन्धित कामको सिलसिलामा नेपालभित्र वा नेपालबाहिर भ्रमण गर्नु पर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची-२ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ भने द्रस्टव्यमा नेपाल सरकारको स्वीकृति विना वैदेशिक भ्रमण गर्ने पदाधिकारीको हकमा यस अनुसूची बमोजिमको विदेश भ्रमण वापतको दैनिक भ्रमण भत्ता उपलब्ध हुने छैन भनि उल्लेख छ।पालिकाले गोश्वारा भौचर नम्बर ५०१।२०८१।३।२३ बाट पालिका अध्यक्ष भरत गिरीलाई मिति २०८१।१।३१ देखि २०८१।२।१५ गतेसम्म दक्षिण कोरिया भ्रमणमा गएको भनि आतेजाते यातायात खर्च र दैनिक भ्रमण भत्तावापत रु.२६०००० भुक्तानी गरेकोमा नेपाल सरकारको स्वीकृति लिएको पाइएन।अतः विदेश भ्रमण गर्दा स्विकृति लिएर मात्र गर्ने तर्फ ध्यान दिनु पर्दछ।

५३ **तालिम गोष्ठी सेमिनार** - (४१४-२०८१-३-१६):

कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको अधिकृतस्तरको तालिममा कार्यपत्रबापत रु.१००० र कक्षा सञ्चालनबापत रु.४०० खर्च लेख्न सकिने व्यवस्था छ। परामर्श सेवाको लागि लागत अनुमान तयार गर्दा काम गर्न लाग्ने वास्तविक परिमाण र अवधिको आधारमा तयार गरी सोहि परिमाण र अवधिको लागि पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा सो अनुसार लागत अनुमान तयार नगरी परामर्शदाताले बढी दर राखी पेश गरेको प्रस्तावना स्वीकृत गरी गोश्वारा भौचर ४१४ मिति २०८१।३।१६ बाट ग्रामीण विकास एक्सप्रेस, नेपाललाई आमा समुहका सदस्यहरुलाई मातृ तथा शिशु सम्बन्धी ६ दिन तालिम संचालन गरेवापत प्रशिक्षक भत्ता ६ दिनको अधिकतम सेसन २४ को रु.३३६०० हुनुपर्नेमा रु.१८०००० भएकोले रु.१४६४०० बढी खर्च गरेको पाइयो। निर्देशिकामा उल्लेख भए भन्दा बढी खर्च लेखेकाले बढी व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४६,४०० |

५४ **प्रशिक्षक भत्ता:**

अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको अधिकृतस्तरको तालिममा कार्यपत्रबापत रु. १००० र कक्षा सञ्चालनबापत रु. ४०० खर्च लेख्न सकिने व्यवस्था छ भने सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहायबमोजिम विभिन्न तालिम सञ्चालन गर्दा प्रशिक्षक भत्तामा बढी खर्च लेखेको पाइयो। तसर्थ निर्देशिकाको मापदण्डभन्दा प्रशिक्षक भत्तामा बढी खर्च गरेकोले रु.४६७५० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेको नाम | प्रयोजन | सेसन | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी (करकट्टिपछिको) |
|---|---|---|---|---|---|---|
| **गोश्वारा भौचर ३७४।०८१।३।११ मा न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरुको लागि ८ दिने तालिम** | | | | | | |
| १ | नारायण प्रसाद चापागाई | बाह्य प्रशिक्षक | ८ | १२८०० | १७६०० | ४०८० |
| २ | इन्द्र बहादुर भण्डारी | | ८ | १२८०० | १७६०० | ४०८० |
| ३ | नविन घिमिरे | | १६ | २५६०० | १७६०० | ८१६० |
| **गोश्वारा भौचर २४२।०८१।२।१० मा जनप्रतिनिधि/कर्मचारीहरुका लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा अन्तर सम्बन्धित विषय सम्बन्धी ३ दिने तालिम** (तालिम अवधि मिति २०८०।१२।२१ देखि २३ गतेसम्म) | | | | | | |
| १ | योगराज गाउँले | बाह्य प्रशिक्षक | ६ | ९६०० | २९२०० | १६६६० |
| २ | सुमित्रा अधिकारी | | ६ | ९६०० | २५८०० | १३७७० |
| **जम्मा** | | | | | **१०७८००** | **४६७५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,७५० |

५५ **प्रशिक्षक भत्ता**

कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सवै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको सहायकस्तर/अन्य तालिममा कार्यपत्र बापत रु. ७०० र कक्षा सञ्चालनबापत रु. ६०० तथा सीप विकास तालिममा ३० दिनसम्मको आवधिक व्यवस्थामा प्रतिदिन रु ७०० खर्च लेख्न सकिने र सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। तर नमुना परीक्षणका रुप पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय बमोजिम तालिम/कार्यक्रममा बढी खर्च लेखेको पाइयो। तसर्थ खर्चको मापदण्डभन्दा बढी खर्च गरेकोले रु. १८८१९। सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| भौचर नं | भुक्तानी लिनेको नाम | प्रयोजन | सेसन/ दिन | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी (कर कट्टीपछिको) |
|---|---|---|---|---|---|---|
| ११८-०८०।७।१७ | वसन्त रावत | किसान सुचीकरण सूचना | ६ | ९,००० | ७,८०० | १,०२० |
| २१०-०८१।३।१२ | दिपक वि क | सावुन वनाउने तालिम | ६ | १८,००० | ८,४०० | ८,१६० |
| २५१-०८१।३।२० | पुरुषोत्तम गिरी | एकिकृत पाठ्यक्रम कस्टुमाइज तालिम | ६ | २०,००० | १०,८६० | ७,७६९ |
| २५१-०८१।३।२० | तपेन्द्र वली | एकिकृत पाठ्यक्रम कस्टुमाइज तालिम | २ | ४,००० | २,८०० | १०२० |
| २५१-०८१।३।२० | सुनिल नेपाली | एकिकृत पाठ्यक्रम कस्टुमाइज तालिम | १ | २,००० | १,००० | ८५० |
| जम्मा | | | | 53000 | 30860 | १८८१९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,८१९ |

५६ **फिल्ड भत्ता –**

नेपालको संविधानको धारा २२७ मा स्थानीय गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थापन सम्बन्धी प्रदेश कानून बमोजिम हुने र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय तहमा स्थानीय सेवाको गठन, संचालन, सेवा, शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने उल्लेख छ। यस वर्ष सम्म कर्णाली प्रदेशमा स्थानीय तहको कर्मचारीको सेवा, शर्त तथा सुविधा सम्बन्धी कानुन बनेर लागु भएको अवस्था छैन। तर पालिकाले प्राविधिक कर्मचारीहरुलाई तलब स्केलको २० प्रतिशतका दरले फिल्ड भत्ता भुक्तानी गरी यस वर्ष रु. ६,२०,०००।० खर्च गरेको छ। प्रदेश सरकारले कर्मचारीको सेवासुविधा सम्बन्धी कानुनसमेत नबनाएको अवस्थामा पालिकाले भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२०,००० |

५७ **पार्टी पेमेन्ट**

सरकारी कारोबार निर्देशिका, २०७६ को दफा ५६ बमोजिम सरकारी कोषबाट रकम भुक्तानी गर्दा सम्बन्धित व्यक्ति, फर्म वा निकायको नाममा एकाउन्ट पेयी चेकबाट वा सोझै बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी नगरी कर्मचारी वा पदाधिकारीको नाममा भुक्तानी दिएको देखियो। सरकारी कारोबार निर्देशिका बमोजिम सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी गरिनु पर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **गो.भौ.नं।मिति** | **कार्यक्रम** | **हुनुपर्ने भुक्तानी** | **भएको भुक्तानी** | **रकम** |
|---|---|---|---|---|
| २४९।०८१।१।१६ | ४० थान कुर्सि खरिद | श्रीपति एग्रो सप्लायर्स | प्रकाश घर्ति | २७७९८ |
| ३३०।०८१।३।५ | नगरप्रहरी तालिम | कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत | शुनिल कुमार शाह | १४२३२९ |

५८ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम शिर्षकबाट २८२ थान ब्ल्याङकेट, ४५ थान बेडसिट, २३५ वटा झुल, १०७ थान छाता लगायत खरिद गरी रु.४५०३२७ भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

५९ **नन-फाइलर**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने र कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मूल्य अभिवृद्धि कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी गरेको फर्मको स्थायी लेखा नम्बरलाई आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा ननफाइलर रहेको पाइयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म भ्याट ननफाइलर रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर बापतको रकम रु.७४७४९.७४ । सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन गर्न सकियन। यसरी भुक्तानी भएको कर चुक्ता र मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| सि न | गोश्वार भौ. न | निर्माण व्यवसायी सप्लायर्सकर्ता फर्म | बिजक नं / मिति | मू अ करबाहेक भुक्तानी | मू. अ कर रु | ननफाइलर |
|---|---|---|---|---|---|---|
| १ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २१५-२०८१।२।२९ | ५७,७७५ | ७,५१०.७५ | 2080/T/3 |
| २ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २१६-२०८१।२।२९ | ३०,२७० | ३,९३५.१० | |
| ३ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २१७-२०८१।२।२९ | ३३,३१० | ४,३३०.३ | |
| ४ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २१८-२०८१।२।२९ | २५,९९० | ३,३७८.७० | |
| ५ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २१९-२०८१।२।२९ | २९,७२० | ३,८६३.६० | |
| ६ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २२०-२०८१।२।२९ | २६,४८० | ३,४४२.४० | |
| ७ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २२१-२०८१।२।२९ | ३९,२९० | ५,१०७.७० | |
| ८ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २२२-२०८१।२।२९ | १,०६,०७० | १३,७८९.१० | |
| ९ | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २२३-२०८१।२।२९ | ८०,७८० | १०,५०१.४० | |
| १० | २६५-२०८१।३।२४ | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | २२४-२०८१।२।२९ | १,४५,३१३ | १८,८९०.६९ | |
| जम्मा | | | | ५,७४,९९८ | ७४,७४९.७४ | |
| | | | | | प्रमाण पेश नगरेको | ७४,७४९.७४ |

६० **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ३ बर्थिङ सेन्टरमा गत वर्ष २० थान मौज्दात रहेकोमा यस वर्ष ११० थान को रु.९८८१९। खरिद गरेकोमा ९७ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ३३ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

६१ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य

सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले ससर्त चालु बाट रु.११७९३९०। र पालिका चालुबाट रु.११९९९६९।जम्मा रु.२३७९३५९।को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

## ६२ कृषी पशु अनुदान

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट २७७ जनाको लागि रु.५६०२३१। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| **क्रम** | **अनुदानको किसिम** | **परिवार संख्या** | **खर्च** | **किसानको अनुदान** | **जम्मा खर्च** |
|---|---|---|---|---|---|
| १ | विउ विजन वितरण ७५% अनुदान | १०२ | ३७५००० | १२५००० | ५००००० |
| २ | कृषि उपकरण वितरण ५०% अनुदान | ९ | १४४००० | १४४००० | २८८००० |
| ३ | ७५% च्याउ विउ वितरण अनुदान | १६६ | ४१२३१ | १३७४४ | ५४९७५ |
| | **जम्मा** | २७७ | ५६०२३१ | २८२७४४ | ८४२९७५ |

## ६३ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

## ६४ विद्यालयगत निकासा खाता

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

## ६५ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय रकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी

विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## ६६ शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था निम्न बमोजिम रहेको छ।

| सि.न | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | १२ | ५१३ | १:४३ |
| २ | श्री बाल विकास आधारभुत विद्यालय | १ | ९ | १:९ |
| ३ | श्री बालकल्याण आधारभुत विद्यालय | ६ | १४५ | १:२४ |
| ४ | श्री बाल उद्यान आधारभुत विद्यालय | १ | ३ | १:३ |
| ५ | श्री भगवती प्राथमिक विद्यालय | १ | १४ | १:१४ |
| ६ | श्री विष्णु आधारभुत विद्यालय | ३ | ३७ | १:१२ |
| ७ | श्री देउराली आधारभुत विद्यालय | ९ | २१४ | १:२४ |
| ८ | श्री हिमालय आधारभुत विद्यालय | ६ | १६० | १:२७ |
| ९ | श्री जनसेवा आधारभुत विद्यालय | ३ | १४९ | १:२५ |
| १० | श्री कैलाश प्राथमिक विद्यालय | १ | ८ | १:८ |
| ११ | श्री महेन्द्र माध्यमिकविद्यालय | १२ | ३८९ | १:३२ |
| १२ | श्री निराजन माध्यमिक विद्यालय | १८ | ६३७ | १:३५ |
| १३ | श्री युवा जनता आधारभुत विद्यालय | ४ | ३८ | १:९ |
| १४ | श्री तारादेवी आधारभुत विद्यालय | ३ | ७१ | १:२४ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४३ देखि न्युनतम १:३ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको २८ सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको देखिन्छ। पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घटुवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ।

## ६७ निशुल्क शिक्षा

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम

पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ। पालिका भित्र ४ वटा संस्थागत विद्यालय रहेकोमा छात्र वृद्धी सम्वन्धमा वैठक वस्ने तथा अनुगमन गर्ने गरेको पाइएन।

## ६८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ५ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ९४.४ दिनले ४७२ दिन रोजगारी उपलव्ध गराई रु.४९०३१२०। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। पालिकाले योजना छनौट गर्दा दिर्घकालिन हुने खालको पालिकासँग समन्वय गरेर सामान पालिकाको बजेट बाट खर्च गर्ने र श्रमको भाग प्रधानमन्त्री रोजगार बाट खर्च गर्नेगरी संयुक्त लगानी समेत गर्न सक्दछ। पालिकाले अधिकाम्स योजना कच्ची नाला खर्ने र बाटो विस्तार कार्य गरेको पाइयो। पालिकाको व्याकहो लोडर, पालिकाभित्र भएका मेसिनरी औजारको अधिकतम प्रयोग गर्नु पर्नेमा मानिसबाट गोरेटोबाटो काम गराउनु औचित्य पूर्ण देखिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

मुख्यमन्त्री रोजगार कार्यक्रम ५ वटा वडामा २ योजना संचालन गरी औषध २५.५६ दिन काम गरी ७९ जनलाई रोजगारी प्रदान गरी श्रममा रु.१५५५४६९। र निर्माण सामाग्रीमा रु.७७३४१९। खर्च गरेको पाइयो।

मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वियनको च नं ६९८ मिति २०७८।८।२६ को परिपत्रको बुँदा नं ५ मा सम्वन्धित जिल्लाको जिल्ला दररेट वा स्थानिय दररेट वा प्रधानमन्त्री रोजगार कार्यक्रममा पाउने ज्यालादर मध्ये कुनै एक दररेट अनुसार श्रमिक पाउने ज्याला कायम गर्न सकिने व्यवस्था छ।पालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा पालिका/जिल्ला दरको प्रयोग गरेको पाइयो। पालिकाबाट संचालित २ वटा कार्यक्रममा जिल्ला दर प्रयोग गर्दा रु.१५५८९७७।ज्याला भुक्तानी गरेको पाइयो। सोही योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्याला रु.६६८। का दरले भुक्तानी गर्दा रु.१४३१३४५। भुक्तानी हुने देखिन्छ। जिल्ला दर प्रयोग गर्दा रु.१२७६३२।बढी ज्याला भुतानी भएको देखिन्छ।

## ६९ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले लक्ष्मी सनराइज बैकबाट बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता रु.५०८९१०३९। वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये निम्नानुसार रकम बैङ्कमा बाँकी रहेको देखिन्छ। प्रथम र दोस्रो त्रैमासिकमा फरवाड फिड बाट र तेस्रो र चौथो त्रैमासिकमा इ.एफ.टी बाट वितरण गरेको पाइयो।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिद्ध कुमाख गाउँपालिका, सल्यान , कुमाख गाउँपालिका , सल्यान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रसाद यादव | २०८०-१-१४ | २०८०-५-१० |
| कार्यालय प्रमुख | डिल्ली खड्का | २०८०-५-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | rabindra bahadur thapa | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५५०,२४१ | ४,९३५,७०८.३४ | २,४०१,२१५.७४ | ० | ० | ६,३७४,१०८ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १४,२६१,२७३.०८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १४,२६१,२७३.०८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५६६७१८७७.९८ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २२३०२५७८४.५ | चालु खर्च | २५००९६७४६.४ |
| प्रदेश सरकारबाट अनुदान | १८०११७८९ | पूँजीगत खर्च | ७३३२८८७१ |
| राजश्व बाँडफाँट | ५८५४४८०५.०४ | वित्तीय/अन्य व्यवस्था | ३९६४३१७.९५ |
| आन्तरिक आय | २०८१४२३.३४ | | |
| अन्य आय | १२१५०३७५.७३ | | |
| कुल आय | ३१३८१४१७७.६१ | कुल खर्च | ३२७३८९९३५.३५ |
| बाँकी मौज्दात | | ४३०९६१२०.२४ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा निर्माणाधीन वडा भवनहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।